डि.स.का. दर्ता नं. ०७१/०५०/०५१
स्था.ले.नं. ३०३१२२१५१

"सबल र सर्वोत्कृष्ट संस्था"

# बुडोल सामुदायिक
# बचत तथा ऋण सहकारी संस्था लि.

नेफ्स्कून

(सदस्यता कार्यविधि, २०८१ को प्रकरण ६(क) सँग सम्बन्धित अनुसूची-१)

## सदस्यता आवेदन फारम

श्रीमान् अध्यक्षज्यू,
बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,
बनेपा न.पा. ६, काभ्रेपलाञ्चोक ।

महोदय,

मैले यस संस्थाको विनियम तथा कार्यविधिहरुमा भएका सम्पूर्ण सर्तहरु पालना गर्न मञ्जुर भै देहाय बमोजिमको शुल्कहरु र मासिक बचत समेत यसै आवेदनसाथ संलग्न गरी सदस्यताको लागि पेश गरेको छु । नियमानुसार संस्थाको आर्थिक सुरक्षा कार्यक्रममा सहभागी गराईदिनु हुन र संस्थाको ऐच्छिक बचत खाता सञ्चालन गरिदिनु हुन अनुरोध गर्दछु । मेरो सम्पूर्ण विवरणहरु यसै साथ संलग्न सदस्य पहिचान विवरण (KYM) फारममा पेश गरेको छु ।

प्रवेश शुल्कः रु. ..............., शेयर ......... थान बापत प्रति शेयर रु. १००/- का दरले हुन आउनेः रु. .......................

मासिक बचतः रु. ..............., सदस्यता राहत बचतः रु. .................. गरी जम्माः रु. ............................

## मनोनित हकवाला

मेरो शेषपछि संस्थाको विनियम र सदस्यता कार्यविधिको अधिनमा रही मैले लिएको ऋणमध्ये चुक्ता गर्न बाँकी ऋण र संस्थालाई बुझाउनुपर्ने अन्य रकम समेत कट्टी गरी बाँकी रहेको शेयर, नियमित बचत र अन्य रकम भुक्तानीको लागि तपसिलका व्यक्तिलाई हकवाला मनोनयन गरेको छु ।

| क्र.सं. | नाम, थर | नाता | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

फोटो

| १. | २. | ३. |
|---|---|---|
| हकवालाको फोटो | हकवालाको फोटो | हकवालाको फोटो |

मेरो सम्पूर्ण खाताहरुमा कारोबार प्रयोजनको लागि निम्नानुसारको दस्तखत कायम गरिदिनुहुन अनुरोध गर्दछु ।

### नमूना दस्तखत

| | | |
|---|---|---|
| | | |

## सदस्यले पालना गर्नुपर्ने नियमहरुः

१. यो सदस्यताको आवेदन सञ्चालक समितिबाट स्वीकृति भएपश्चात मात्र सदस्यता कायम हुनेछ ।
२. जतिसुकै शेयर लिए तापनि एक व्यक्ति एक मतको आधारमा मात्र आफ्नो मताधिकारको प्रयोग गर्न पाईनेछ ।
३. संस्थामा उपस्थित भै नियमित बचत गर्नेछु । संस्थाको नीति अनुरुप ऋण लिई सोको सदुपयोग गर्नेछु र सोको किस्ताबन्दीमा सावाँ तथा ब्याज नियमित रुपमा भुक्तानी गर्नेछु । समयमा भुक्तानी नदिए बापतमा संस्थाले तय गरेको हर्जाना ब्याज बुझाउने छु ।
४. सदस्य एवम् सामुहिक हितका लागि सञ्चालक तथा कर्मचारीहरुलाई आवश्यक सहयोग गर्नेछु ।
५. संस्थाको वार्षिक साधारण सभामा सक्रियतापूर्वक भाग लिनेछु ।
६. संस्थाबाट सञ्चालित कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागिता जनाउनेछु ।
७. संस्थाको विनियम, सोमा भएको परिमार्जन र संस्थाबाट तर्जुमा गरिएको कार्यविधिहरु र सोको परिमार्जन समेतलाई पूर्ण पालना गर्नेछु ।
८. संस्थाबाट बचत कारोबारको लागि उपलब्ध गराईएको भुक्तानी पूर्जाको सुरक्षा गर्नेछु । हराएमा संस्थालाई सोको जानकारी गराउनेछु ।
९. संस्थाले केरमेट भएको र दस्तखत अस्पष्ट भएको भुक्तानी पूर्जामार्फत भुक्तानी दिने छैन । सदस्यले आफू नआई अन्य व्यक्तिलाई लेखी पठाएको भुक्तानी पूर्जाबाट भुक्तानी दिनको लागि संस्थाले भुक्तानी पूर्जा लिई आउने व्यक्तिको परिचयपत्रको प्रतिलिपि समेत संलग्न गरी लिनेछ ।
१०. संस्थाले सम्बन्धित सदस्य वा सदस्यको लिखित अख्तियारी प्राप्त व्यक्तिलाई मात्र कारोबारको विषयमा जानकारी, कारोवारको विवरण र भुक्तानी पूर्जा उपलब्ध गराउने छ ।

११. संस्थामा जम्मा गर्नुपर्ने नियमित बचत नगरेमा संस्थाले अन्य बचत खाताबाट उक्त बचत रकम खिच्न सक्नेछ ।

१२. संस्थालाई भुक्तानी दिनुपर्ने ऋण, सोको ब्याज तथा हर्जाना संस्थाले ऐच्छिक लगायत अन्य बचत खाताबाट स्वतः भुक्तानी लिन सक्नेछ ।

१३. सदस्यले आफ्नो आवधिक बचत र अभिभावक बचतको आधारमा लिएको ऋणको भाखा समाप्त भएमा संस्थाले जानकारी दिई वा विना जानकारी पनि बचत रकमबाट ऋण असुल गर्न सक्नेछ ।

१४. संस्थामा सञ्चालनमा रहेका बचत खाताहरुमा प्राप्त हुने ब्याज संस्थाले आवश्यकता अनुसार ऐच्छिक बचत खातामा जम्मा गरिदिन सक्नेछ ।

१५. संस्थाले शेयरमा प्रदान गर्ने लाभांश तथा संरक्षित पुँजी फिर्ता कोषको रकम ऐच्छिक बचत खातामा जम्मा गरिदिन सक्नेछ ।

१६. संस्थाले बचतमा प्राप्त हुने ब्याज, शेयरको लाभांश, संरक्षित पुँजी फिर्ता कोषबाट वितरित रकम लगायतमा राज्यको नियमानुसारको करकट्टी गरी सम्बन्धित निकायमा दाखिला गर्नेछ ।

१७. संस्थाको कुनैपनि बचत खातामा जम्मा हुने रकम कानुनी स्रोतबाट कमाइ गरिएको हुनुपर्नेछ र खातामा हुने कारोबार कानुनी हुनुपर्नेछ ।

१८. संस्थामा गरिएको कुनै कारोबार सम्बन्धी कुनै जानकारी गलत भएको संस्थालाई शंका लागेमा संस्थाले खाता रोक्का राखी खाता सम्बन्धी जानकारी सम्बन्धित निकायमा बुझाउन सक्नेछ । यस्तो अवस्थामा संस्थाले कुनै क्षति बहन गर्नुपर्ने भएमा सोको क्षतिपूर्ति सदस्य स्वयंले बहन गर्नुपर्नेछ ।

१९. संस्थाले समय समयमा बचत तथा ऋणको ब्याजदरमा हेरफेर (परिवर्तन) गर्न सक्नेछ । परिमार्जित ब्याजदर स्वीकार्य हुनेछ ।

२०. ऋण सदस्यको अधिकार होईन सुविधा मात्र हो, संस्थाले उपयुक्त नदेखेमा ऋण लगानी नगर्न पनि सक्नेछ ।

२१. संस्थालाई कुनै खातामा भुलवस प्रविष्ट हुन गएको हिसाब सच्याई पुनः सही हिसाब प्रविष्ट (रिभर्स इन्ट्री) गर्ने अधिकार हुनेछ ।

२२. सदस्यले कुनै कारण संस्थाको सदस्यता त्याग गर्न चाहेमा राजीनामाको आवेदन दिनुपर्नेछ, त्यस्तो आवेदन सञ्चालक समितिबाट स्वीकृत भए पश्चात मात्र सदस्यता खारेज गरी संस्थालाई तिर्नु बुझाउने पर्ने रकम कट्टी गरी बाँकी रकम उपलब्ध गराईनेछ ।

२३. सदस्यको मृत्यु भएको अवस्थामा सदस्यको मृत्यु प्रमाणपत्र तथा नाता प्रमाणपत्रको सक्कल वा प्रमाणित नक्कल संस्थासमक्ष पेश भएर सञ्चालक समितिबाट स्वीकृत भएपश्चात मात्र खातामा रहेको रकम कानुनी हकवालालाई भुक्तानका लागि निकासा हुनेछ ।

२४. आफूले झिकी लिएको नगद काउण्टरमै गणना गर्नुपर्नेछ र त्यस्तो रकममा कुनै कमी वा नपुग हुन गएको पछि थाहा हुन गएमा सो सम्बन्धमा संस्था जवाफदेही हुने छैन ।

२५. संस्थाको सञ्चालन र विकासमा हानी हुने, संस्थाको प्रतिष्ठामा आँच आउने कुनै क्रियाकलाप गर्ने छैन, गरेमा संस्थाले विनियम तथा कार्यविधि बमोजिम सदस्यताबाट निष्कासन गर्न सक्नेछ ।

२६. संस्थाले माग गरेबमोजिम सदस्यले समय समयमा व्यक्तिगत विवरण अद्यावधिक गराउनुपर्नेछ ।

*माथि उल्लेख गरिएका नियमहरू म स्वयंले पढी/पढ्न लगाई, सोची, विचार गरी सदस्य बन्न राजी भएको हुँ । उल्लेखित नियमको पालना गर्न मेरो पूर्ण मञ्जुरी छ । उल्लघंन भएमा कानून बमोजिम सहूँला/बुझाउँला ।*

आवेदकको :

नाम, थर :

ठेगाना :

सम्पर्क नं. :

दायाँ | बायाँ

दस्तखत : ..................................

## कार्यालय प्रयोजनको लागि

आवेदन फाराम भराउने, आवश्यक कागजपत्र र रकम बुझिलिने कर्मचारीको :

दस्तखत : ....................

नाम, थर : ...................................

पद : ..........................  मिति : ............................

आवेदकको माग र प्रस्तुत गरेको कागजपत्रका आधारमा आवेदन स्वीकृतिका लागि सिफारिस गर्नेको :

दस्तखत : ....................

नाम, थर : ...................................

पद : ..........................  मिति : ...........................

सञ्चालक समितिको मिति ..................... मा सम्पन्न ........औं नियमित बैठकको निर्णयबाट स्वीकृति ।

प्रमाणित गर्नेको :

दस्तखत : ....................

नाम, थर : ...................................

पद : ..........................  मिति : ............................

सदस्यता प्रदान गरिएको मिति : .......................

सदस्यता नं. : ☐☐☐☐☐

ऐच्छिक बचत खाता नं. : ☐☐☐☐☐☐☐☐

सिस्टममा प्रविष्टी गर्नेको दस्तखत : ......................

नाम, थर : ...................................

पद : ..........................  मिति : ............................